अस्पतालमा मृत्युको

अभिलेख व्यवस्थापन प्रणाली सम्बन्धी कार्यविधि,

२०८२

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

काठमाडौं, नेपाल

अस्पतालमा मृत्युको अभिलेख व्यवस्थापन प्रणाली सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः कुनै व्यक्तिको स्वास्थ्य जाँचपडताल वा उपचार गराईरहेको अवस्था वा उपचारका लागि अस्पतालमा पुऱ्याउने क्रममा मृत्यु भएमा वा दुर्घटना, प्राकृतिक विपद् वा कुनै कारणले मृत्यु भएको मानव शव अस्पतालमा परीक्षण गराउँदा त्यस्तो व्यक्तिको अन्तराष्ट्रिय पद्धतिअनुसार मृत्युको कारण पहिचान गरी एकीकृत रूपमा अभिलेखीकरण एवम् स्थानीय तहमा मृत्यु घटनाको सूचना तत्काल सम्प्रेषण गरी मृत्यु सूचना सुदृढीकरण, व्यक्तिगत घटना दर्ता कार्यलाई सहज, गुणस्तरीय र व्यवस्थित बनाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३८, ५९ र ६० र जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २४ कार्यान्वयन गर्न ऐनको दफा ६४ को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक १. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "अस्पतालमा मृत्युको अभिलेख व्यवस्थापन प्रणाली सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अप्राकृतिक मृत्यु" भन्नाले कुनै बाह्य घटनाको कारण जस्तैः दुर्घटना वा कार्यस्थलमा हुने भवितव्य वा हत्या वा आत्महत्या वा हिंसा वा प्राकृतिक वा मानवीय विपद वा जानीजानी वा अज्ञानमा विष वा लागु पदार्थको सेवन वा औषधिको अधिक सेवन आदिले भएको मृत्युलाई अप्राकृतिक मृत्यु सम्झनुपर्छ ।

(ख) "अस्पताल" भन्नाले जनस्वास्थ्य नियमावली २०७७ अनुसार सरकारी, सामुदायिक, सहकारी वा निजी लगानीमा प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालित अस्पताल, स्वास्थ्य प्रतिष्ठान, मेडिकल कलेज, नर्सिङ होम, रिसर्च सेन्टर तथा अन्य अस्पताल सम्झनुपर्छ ।

(ग) "चिकित्सक" भन्नाले मृत्यु भएको व्यक्तिको चिकित्सकीय जाँचपड्ताल एवम् उपचार वा मानवको शव परीक्षण कार्यमा संलग्न नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकलाई सम्झनुपर्छ ।

(घ) "प्राकृतिक मृत्यु" भन्नाले कुनै बाह्य कारण बिना रोग लागेर वा सङ्क्रामक रोगबाट भएका मृत्युलाई प्राकृतिक मृत्यु भनी सम्झनुपर्छ । (प्राकृतिक मृत्यु" भन्नाले कुनै बाह्य दर्घटना, हिंसा वा आपराधिक शक्ति विना स्वाभाविक रुपमा शरीर र जीवनको जैविक प्रकृयाहरु रोकिएर हुने मृत्युलाई प्राकृतिक मृत्यु भनी सम्झनुपर्छ।।)

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) "प्रणाली" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम मन्त्रालयले स्थापना गरेको विद्युतीय मृत्यु दर्ता व्यवस्थापन प्रणालीलाई सम्झनुपर्छ ।

(च) "मानव शव परीक्षण" भन्नाले चिकित्सकीय विधिद्वारा मानव शवको परीक्षण गरी मृत्युको कारण पहिचान गर्ने कार्यलाई सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनुपर्छ ।

(ज) "मृत्यु दर्ता" भन्नाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ अनुसार गरिने मृत्यु दर्तालाई सम्झनुपर्छ ।

(झ) "विभाग" भन्नाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागलाई सम्झनुपर्छ ।

(ञ) "सेवाग्राही" भन्नाले अस्पतालमा मृत्यु भएको मृतकको मृत्युको चिकित्सकीय प्रमाणपत्र लिन आउने मृतकको परिवारको जिम्मेवार सदस्य सम्झनुपर्छ ।

परिच्छेद २

चिकित्सकीय कारण सहित मृत्यु अभिलेख व्यवस्थापन प्रणाली

३. कारण सहितको मृत्यु अभिलेख व्यवस्थापन प्रणालीको स्थापना:

४. (१) अस्पतालमा मृत्यु भएका वा मृत्यु घोषणा भएका वा शव परीक्षण गरिएका व्यक्तिको अन्तर्राष्ट्रिय तथ्याङ्कीय प्रमाणीकरण तथा वर्गीकरण अनुसार मृत्युको कारण सहितको विवरणलाई समयमै अभिलेखीकरण, प्रमाणीकरण तथा सूचना सम्प्रेषण गर्ने कार्यलाई व्यवस्थित र एकीकृत गर्न मन्त्रालयले मृत्युको कारण सहितको विद्युतीय मृत्यु अभिलेख व्यवस्थापन प्रणालीको स्थापना गरी लागु गर्नेछ ।

(२) यस प्रणालीलाई सहज पहुँच र प्रयोग मैत्री बनाउन मोबाइल एप्लिकेशनबाट समेत मृत्यु सम्बन्धी अभिलेखीकरण गर्न मिल्ने गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रणाली संघीय, प्रादेशिक र स्थानीय तीनै तहका अस्पतालमा लागु हुनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रणालीलाई विभागको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) र मन्त्रालय अन्तर्गतको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) सँग अन्तर आबद्ध (Interoperable) हुने गरी व्यवस्थापन गरिनेछ ।

(५) उपदफा (१) बमोजिम स्थापना गरिएको प्रणालीलाई अविछिन्न रूपमा सञ्चालन, सूचना भण्डारण तथा सुरक्षाका लागि एप्लिकेशन सर्भर, ब्याक अप सहितको डाटावेश सर्भर र फायरवाल लगायतका आवश्यक उपकरणको व्यवस्था मन्त्रालयले मिलाउनेछ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सिंहदरबार, काठमाडौं

(६) प्रणाली प्रयोगका लागि मन्त्रालयले अस्पताललाई प्रयोगकर्ता नाम (username) र पासवर्ड (password) उपलब्ध गराउनेछ।

(७) मन्त्रालयले उपदफा (१) बमोजिमको प्रणाली सञ्चालन सम्बन्धी कार्य पुस्तिका (User's Manual) एवम् प्रशिक्षण सामग्री (Tutorial) तयार गरी प्रणालीमा राखिनेछ।

५. <u>कार्यान्वयन एकाई:</u> प्रणाली सञ्चालन र व्यवस्थापन गर्नको लागि स्वास्थ्य सेवा विभागको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखाले कार्यान्वयन एकाई (Implementation unit) को रूपमा कार्य गर्नेछ । मन्त्रालयको जनसङ्ख्या व्यवस्थापन महाशाखाले यस प्रणालीको समग्र कार्यान्वयनमा सहजीकरण र अन्तर निकाय समन्वय एवम् अनुगमन सम्बन्धी कार्य गर्नेछ ।

परिच्छेद ३

अभिलेखीकरण, प्रमाणीकरण, प्रतिवेदन तथा कार्ययोजना

६. <u>मृत्युको अभिलेख:</u> (१) अस्पतालले अनुसूची–१ बमोजिम मृतकको विवरण सङ्कलन गरी अभिलेखीकरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मृतकको विवरण अभिलेख गर्ने कार्य चिकित्सकको परामर्शमा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी वा मेडिकल रेकर्डरले गर्नुपर्नेछ ।

(३) अनुसूची–१ बमोजिमको मृत्युको अभिलेख फाराममा मृतकको उपचारमा संलग्न चिकित्सकले अस्पतालको अभिलेख र अन्य स्रोतहरूबाट समेत सङ्कलन गरी उपदफा ४, ५, ६ र ७ अनुसारका विवरण वास्तविक र बुझिने गरी स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।

(४) फारामको पहिलो भागमा अस्पतालमा मृत्यु भएको वा अन्यत्र मृत्यु भई अस्पतालमा मृत्युको घोषणा मात्र भएको (Brought Dead) वा शव परीक्षण (Post-mortem) उल्लेख गरी सो को मिति र समय उल्लेख गर्नु पर्दछ। अन्यत्र मृत्यु भएकाको हकमा जे जति विवरण प्राप्त हुन सक्छ सोही उल्लेख गर्नुपर्नेछ। अस्पतालको अन्तरङ्ग अन्तरङ्ग वा आकस्मिक इकाइमा मृत्यु भएकाहरुको शब परीक्षण गरिएता पनि अन्तरङ्ग वा आकस्मिक इकाइको महलमा जनाउनुपर्दछ।

(५) मृतकको व्यक्तिगत विवरण र ठेगाना उतार वा सोधखोज गरी उल्लेख गर्नुपर्दछ ।

(६) फारामको दोश्रो भागमा मृत्यु हुनु अघि निज अस्पताल आउँदा निदान भएको स्वास्थ्य अवस्था र अन्तर्निहित (Underlying) रोगबाट शुरू गरी मृत्युको मध्यवर्ती (Antecedent) र अन्तिम (Immediate) कारणसम्म ICD-11 को मृत्यु संकेतिकरण नियम (Mortality Coding Rules) को आधारमा उल्लेख गर्नुपर्दछ ।

(७) फारामको अन्तिम भागमा मृत्यु भएको तवर (Mode of Dying) उल्लेख गर्नुपर्दछ । प्रजनन उमेरका महिलाको मृत्यु भएमा मातृ मृत्युको यकिन गरी सम्बन्धित महलमा चिन्ह लगाउनु पर्दछ । अन्तमा सम्बन्धित चिकित्सक र अनुसूची जारी गर्ने मेडिकल रेकर्डर वा

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सिंहदरबार, काठमाडौं

सम्बन्धित कर्मचारीले हस्ताक्षर गरी अस्पतालको छाप लगाउनुपर्दछ । यो फाराम अस्पतालले जारी गर्ने मृत्यु प्रमाण पत्रको आधार हुनेछ ।

(८) उपदफा (३) बमोजिम अभिलेख गरिएका विवरण अस्पतालको मेडिकल रेकर्डर वा अभिलेखकर्ताले प्रणालीमा प्रविष्ट गर्नुपर्दछ । प्रणालीमा प्रविष्ट गर्ने क्रममा मृत्युको कारण र अभिलेखमा भएको कारणमा असामञ्जस्यता भएको अवस्थामा पुनः चिकित्सकसँग परामर्श गरी चिकित्सकको रायलाई आधिकारिक मानी अन्तिम अभिलेखीकरण एवम् प्रविष्ट गर्ने कार्य गर्नुपर्दछ ।

(९) मृतकको शरीर अस्पतालबाट बहिर्गमन (Discharge) हुनु अगाडि नै अस्पतालले मृत्युको कारण सहितको विवरण अभिलेख गर्ने कार्य सम्पन्न गरी सक्नुपर्नेछ ।

(१०) मृत शिशु जन्मेको अवस्थामा उपलब्ध भएसम्म निजको अभिभावकसँग शिशुसँग सम्बन्धित विवरणहरू सोधखोज गरी प्राप्त भएको विवरण अभिलेखीकरण र प्रविष्ट गर्नुपर्दछ ।

(११) मृतकको आफन्त वा हेरचाह गर्ने व्यक्ति उपलब्ध नभएको अवस्थामा वा बेवारिसे शवको सम्बन्धमा ड्युटीमा रहेको चिकित्सकले परीक्षणको क्रममा प्राप्त भएको विवरण अभिलेखीकरण एवम् प्रणालीमा प्रविष्ट गर्नुपर्दछ ।

(१२) यस दफामा जुनसुकै कुरा उल्लेख भएतापनि अप्राकृतिक मृत्युको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १५ अनुसार शव परीक्षण प्रतिवेदनमा मृत्युको तत्कालिन वा अन्तिम (Immediate), मध्यवर्ती (Antecedent) र अन्तरर्निहित (Underlying) कारण उल्लेख गर्न नसकिएको अवस्थामा वा उपचार गर्न अस्पताल ल्याउँदा बाटोमै मृत्यु भएको अवस्थामा प्राप्त भएको विवरण अभिलेख गरी प्रणालीमा प्रविष्ट गर्नुपर्दछ । मृत्युको वास्तविक कारण निर्धारण गर्न नसकिएको अवस्थामा प्राकृतिक वा अप्राकृतिक मृत्यु छुट्याई अभिलेखन गर्नुपर्दछ ।

७. <u>मृत्यु प्रमाणपत्र जारी सम्बन्धी:</u> (१) मृतकको विवरण प्रणालीमा प्रविष्ट गरेपश्चात प्रणालीबाट प्राप्त पहिचान नम्बर (Unique Identification Number - UIN) र मृत्युको कारणसहित चिकित्सकले अनुसूची २ बमोजिमको प्रमाणपत्र मृतकको परिवारलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणपत्र जारी भएपश्चात मृतकको परिवारले नष्ट भएको वा हराएको वा च्यातिएको वा संशोधन गर्न परेमा वा डिस्चार्ज हुँदा नलगेको अवस्थामा अनुसूची– ३ बमोजिमको निवेदन प्राप्त भएपछि अस्पतालले परिवारको आधिकारिक व्यक्तिलाई प्रमाणपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

८. <u>प्रतिवेदन सम्बन्धी:</u> (१) दफा (५) बमोजिम मृत्युको अभिलेखीकरण पश्चात अस्पतालले अनुसूची– ४ बमोजिमको प्रतिवेदन तयार गरी अभिलेख राखी मासिक रूपमा सम्बन्धित निकाय र (Health Management Information System- HMIS) मा पेश गर्नुपर्नेछ। ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार, काठमाडौं

९. <u>अस्पतालमा हुने मृत्यु न्यूनीकरण कार्ययोजना</u> : अस्पतालले यस प्रणालीबाट प्राप्त सूचनाको विश्लेषण गरी स्वास्थ्य सेवाको गुणस्तर सुधार, व्यवस्थापन सुदृढीकरण र रोकथाम गर्न सकिने मृत्यु (Preventable Death) न्यूनीकरणका लागि अनुसूची–५ बमोजिमको ढाँचाअनुसार कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ।

परिच्छेद ४

मृत्यु दर्ताका लागि आधार

१०. <u>मृत्यु दर्ताका लागि आधारका रूपमा लिनुपर्ने:</u> (१) दफा (२) बमोजिम जारी भएको मृत्युको चिकित्सकीय प्रमाणपत्रमा उल्लेखित मृतकको पहिचान नम्बर (Unique Identification Number- UIN) सहितको विवरणलाई स्थानीय पञ्जिकाधिकारीले मृत्यु दर्ताका लागि आधारका रूपमा लिनुपर्नेछ।

(२) उपदफा(१) बमोजिमको कार्य गर्दा अन्य विवरणका अतिरिक्त रोगको अन्तर्राष्ट्रिय वर्गीकरण International Classification of Diseases-11 (ICD-11) सहित मृत्युको कारण उल्लेख गरेर मात्र स्थानीय पञ्जिकाधिकारीले मृत्यु दर्ता गर्नुपर्दछ।

(३) <u>परिवारका सदस्यलाई मृत्यु दर्ता गर्न सूचित गर्ने:</u> (१) अस्पतालले मृत्युको प्रमाणपत्र जारी गर्दाका बखत मृतकका परिवारका सदस्यलाई सम्बन्धित स्थानीय पञ्जीकाधिकारी समक्ष तोकिएको समयमा मृत्युदर्ता गर्न परामर्श दिनुपर्नेछ। यस प्रणालीमार्फत मृत्यु सम्बन्धी विवरण व्यक्तिगत घटना दर्ता प्रणालीमा प्राप्त भएपश्चात मृतकको परिवारका जिम्मेवार सदस्यलाई मृत्यु दर्ता गर्नका निमित्त सम्बन्धित स्थानीय पञ्जिकाधिकारीले विद्युतीय वा अन्य माध्यमबाट मृत्यु दर्ता नहुँदासम्म सूचित गरिरहनु पर्दछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि वा सूचना प्राप्त नभएको भएता पनि परिवारका जिम्मेवार सदस्यले मृत्यु प्रमाणपत्र वा मृतकको पहिचान नम्बर (UIN) सहित मृत्यु दर्ताका लागि सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सम्पर्क गर्न सक्नेछन् ।

(३) उपदफा(२) बमोजिम सम्पर्क गर्न आएमा प्रणालीमा प्राप्त विवरणका अतिरिक्त आवश्यकता अनुसार थप विवरणसमेत सूचकमार्फत माग गरी स्थानीय पञ्जिकाधिकारीले मृत्यु दर्ता गर्नेछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार, काठमाडौं

परिच्छेद ५

सहजीकरण समिति

११. **(i) संघीय सहजीकरण समितिको गठनः** (१) प्रणालीको स्थापना, विकास र सञ्चालनका लागि देहाय बमोजिमको संघीय सहजीकरण समिति रहनेछः

(क) प्रमुख, जनसङ्ख्या व्यवस्थापन महाशाखा, मन्त्रालय – संयोजक

(ख) प्रतिनिधि, स्वास्थ्य समन्वय महाशाखा, मन्त्रालय– सदस्य

(ग) प्रतिनिधि, उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग – सदस्य

(घ) प्रमुख, एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा (IHIMS), स्वास्थ्य सेवा विभाग – सदस्य

(ङ) निर्देशक, पञ्जीकरण शाखा, विभाग– सदस्य

(च) प्रमुख, सूचना प्रविधि शाखा, मन्त्रालय- सदस्य

(छ) प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल - सदस्य

(ज) प्रमुख, जनसङ्ख्या व्यवस्थापन तथा सूचना शाखा, मन्त्रालय – सदस्य सचिव

(२) उपदफा (११.१) बमोजिमको समितिले बैठकमा आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) सहजीकरण समितिको बैठक वर्षमा कम्तिमा दुइ पटक बस्नुपर्नेछ।

(४) सहजीकरण समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछः

(क) प्रणाली स्थापना र विस्तारका लागि कार्ययोजना तयार गरी लागु गर्ने।

(ख) प्रणालीमा समसामयिक संशोधन वा परिमार्जन गर्नुपर्ने भएमा सो को लागि सिफारिस गर्ने।

(ग) कुनै प्राविधिक कठिनाई देखा परेमा समाधान गर्न गराउन आवश्यक व्यवस्थापकीय भूमिका निर्वाह गर्ने।

(घ) सरोकारवाला निकायहरूबिच समन्वय गर्ने।

(ङ) प्रणाली सञ्चालनका लागि क्षमता विकासको लागि आवश्यक कार्य गर्ने ।

(च) प्रणाली सञ्चालन र दिगोपनाका लागि आवश्यक स्रोतसाधन व्यवस्थापन गर्न सिफारिस गर्ने।

(छ) आर्थिक तथा प्राविधिक सहयोगका लागि विकास साझेदार वा अन्य निकायसँग समन्वय गर्ने।

(ज) यस कार्यविधिका कुनै प्रावधान संशोधन गर्नुपर्ने देखिएमा संशोधनको लागि सिफारिस गर्ने।

(ii) प्रादेशिक सहजीकरण समितिको गठनः (१) प्रणाली सञ्चालनका लागि देहाय बमोजिमको प्रादेशिक सहजीकरण समिति रहनेछः

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) निर्देशक, स्वास्थ्य निर्देशनालय – संयोजक

(ख) महाशाखा प्रमुख (अस्पताल हेर्ने), प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय – सदस्य

(ग) महाशाखा प्रमुख (जनसङ्ख्या हेर्ने), प्रदेशको जनसङ्ख्या हेर्ने मन्त्रालय – सदस्य

(घ) शाखा प्रमुख, योजना अनुगमन तथा नियमन शाखा, स्वास्थ्य निर्देशनालय– सदस्य

(ङ) शाखा प्रमुख, कार्यक्रम समन्वय तथा जनसङ्ख्या व्यवस्थापन शाखा, स्वास्थ्य निर्देशनालय– सदस्य

(च) शाखा प्रमुख, चिकित्सा सेवा तथा रोग नियन्त्रण शाखा, स्वास्थ्य निर्देशनालय – सदस्य

(छ) तथ्याङ्क अधिकृत, कार्यक्रम समन्वय तथा जनसङ्ख्या व्यवस्थापन शाखा, स्वास्थ्य निर्देशनालय – सदस्य सचिव

(२) उपदफा (११.ii.१) बमोजिमको समितिले बैठकमा आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) सहजीकरण समितिको बैठक आवश्यकताअनुसार बस्नेछ।

(४) प्रादेशिक सहजीकरण समितिको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछः

क. प्रणाली सञ्चालन र विस्तारका लागि कार्ययोजना तयार गरी लागु गर्ने।

ख. प्रणालीमा समसामयिक संशोधन वा परिमार्जन गर्नुपर्ने भएमा सो को लागि संघीय सहजिकरण समितिलाइ सिफारिस गर्ने।

ग. कुनै प्राविधिक कठिनाई देखा परेमा समाधान गर्न गराउन आवश्यक व्यवस्थापकीय भूमिका निर्वाह गर्ने।

घ. सरोकारवाला निकायहरूबिच समन्वय गर्ने।

ङ. प्रणाली सञ्चालनका लागि क्षमता विकासको लागि आवश्यक कार्य गर्ने।

च. प्रणाली सञ्चालन र दिगोपनाका लागि आवश्यक बजेट र स्रोतसाधनको व्यवस्थापनको लागि आवश्यकता अनुसार प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय र संघीय सहजीिकरण समितिलाइ सिफारिस गर्ने।

छ. आर्थिक तथा प्राविधिक सहयोगका लागि विकास साझेदार वा अन्य निकायसँग समन्वय गर्ने।

ज. यस कार्यविधिका कुनै प्रावधान संशोधन गर्नुपर्ने देखिएमा संशोधनको लागि संघीय सहजीिकरण समितिलाइ सिफारिस गर्ने ।

(५) स्थानीय तहमा समेत सहजीकरण समिति गठन गर्न सकिनेछ ।

परिच्छेद ६

दायित्व र जिम्मेवारी

१२. <u>संघीय तहको दायित्व र जिम्मेवारी:</u> (१) संघीय मन्त्रालयले अन्तर निकाय समन्वय तथा सहजीकरण, प्रणालीको विकास, परिमार्जन तथा अद्यावधिक गर्न आवश्यक कार्य गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य समेत गर्नेछ ।

(२) स्वास्थ्य सेवा विभागले व्यवस्थापन महाशाखा, एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा (IHIMS) मार्फत मृत्युको अभिलेखीकरण सम्बन्धी क्षमता विकास, प्रणाली सञ्चालन , सर्भर व्यवस्थापन सम्बन्धी व्यवस्थापकीय कार्य तथा प्रयोगकर्ता व्यवस्थापन, तथ्याङ्कको गुणस्तर कायम तथा तथ्याङ्क विश्लेषण र प्रतिवेदन तयारी एवम् मृत्यु तथ्याङ्क(Mortality Statistics) को प्रयोग तथा उपलब्धतासम्बन्धी कार्य गर्ने गराउनेछ ।

(३) मन्त्रालयले यस प्रणालीलाई व्यक्तिगत घटना दर्ता प्रणाली, अस्पतालको विद्युतीय चिकित्सा अभिलेख (EMR) प्रणाली, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) लगायत सम्बद्ध सूचना प्रणालीसँग अन्तरआबद्धता (Interoperability) को व्यवस्था मिलाउनेछ ।

(४) व्यवस्थापन महाशाखाले यस प्रणालीको सुदृढीकरणका लागि उपचारात्मक सेवा महाशाखामार्फत अस्पतालहरूमा सहजीकरण र समन्वय गरी मृत्यु दर्ता व्यवस्थापन प्रणालीलाई संस्थागत गराउने ब्यवस्था मिलाउनेछ ।

१३. <u>प्रदेशको दायित्व र जिम्मेवारी:</u> प्रदेश अन्तर्गतका स्वास्थ्य हेर्ने मन्त्रालय र स्वास्थ्य निर्देशनालयले प्रणाली कार्यान्त्रियनमा आवश्यक स्रोत साधन उपलब्ध गराउने, गुणस्तर कायम गराउने एवम् अनुगमन तथा मूल्याङ्कन लगायत देहायअनुसारका कार्य गर्नेछ।

क. प्रदेश अन्तर्गतका अस्पतालमा प्रणाली कार्यान्वयन गर्न प्राविधिक सहयोग उपलब्ध गराउने।

ख. प्रणालीको कार्यान्वयनको लागि आवश्यक सहयोग र समन्वय गर्ने।

ग. सरकारी अस्पतालहरूमा प्रणाली सञ्चालनका लागि आवश्यकतानुसार पूँजीगत सामग्री, जनशक्ति वा आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने।

घ. प्रणाली सञ्चालनको लागि प्रदेशका कार्यक्षेत्र भित्र रहेका अस्पताल तथा सरोकारवालाहरुको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।

ङ. यस प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि सम्पर्क इकाई र व्यक्ति तोक्ने।

च. प्रदेशको मृत्यु तथ्याङ्क विश्लेषण गरी स्वास्थ्य योजनामा प्रयोग गर्ने।

छ. अस्पतालले अनुसूची ५ बमोजिम तयार गरेको कार्ययोजनाको कार्यान्वयन गर्न, सहजीकरण गरी अनुगमन गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

१४. <u>स्थानीय तहको दायित्व र जिम्मेवारी:</u> स्थानीय तहहरुले प्रणाली कार्यान्वयनमा आवश्यक स्रोत साधन उपलब्ध गराउने, गुणस्तर कायम गराउने एवम् अनुगमन तथा मूल्याङ्कन लगायत देहायअनुसारका कार्य गर्नेछ ।

क. आफ्नो क्षेत्र भित्रका अस्पताल र स्थानीय पञ्जिकाधिकारी बीच समन्वय गरी अन्तर सञ्चालनको व्यवस्था मिलाउने ।

ख. सरकारी अस्पतालहरूमा प्रणाली सञ्चालनका लागि स्रोत साधनको व्यवस्था मिलाउने ।

ग. प्रणाली सञ्चालनको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।

घ. अस्पतालले दफा १५(छ) बमोजिम तयार गरेका कार्ययोजना कार्यान्वयन गर्न सहजीिकरण गर्ने तथा अनुगमन गर्ने ।

१५. <u>अस्पतालको दायित्व र जिम्मेवारी:</u> अस्पतालले प्रणाली सञ्चालन र मृत्यु तथ्याङ्क व्यवस्थापनका लागि देहायका कार्यहरू गर्नेछन्। ।

क. प्रभावकारी रूपमा प्रणाली सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइ कार्यान्वयन गर्ने ।

ख. प्रणालीमा विवरण प्रविष्ट गर्ने जिम्मेवार कर्मचारी तोक्ने ।

ग. अनुसूची-१ बमोजिम मृत्युको कारण सहितको अभिलेख राख्ने ।

घ. अनुसूची-२ बमोजिम मृत्युको कारण सहितको प्रमाण पत्र प्रदान गर्ने

ङ. मासिक प्रतिवेदन सम्बन्धित निकायहरूमा पठाउने ।

च. प्रणाली सञ्चालन सम्बन्धी कठिनाई उत्पन्न भएमा तत्काल स्वास्थ्य सेवा विभागको एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा (IHIMS) र प्रदेशको सम्पर्क व्यक्तिसँग समन्वय गरी समस्या समाधान गर्ने ।

छ. दफा ८ बमोजिम मृत्यु न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।

ज. अनुसूची ४ बमोजिम मृत्यु दर्ता प्रतिवेदन फाराम भरी मासिक रुपमा सम्बन्धित निकायमा मासिक प्रतिवेदन पठाउने ।

झ. मृत्यु सम्बन्धी विवरण स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र ब्यक्तिगत घटना दर्ता प्रणालीसँगं आबद्ध भई सूचना प्रेषण भएको यकीन गर्ने ।

ञ. मृत्युको कारण एकीन गर्न कठीनाइ भएमा मृत्यु परीक्षण समितिले एकीन गरी प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था मिलाउने। प्रचलित कानुन बमोजिम मृत्यु परीक्षण (Death Audit) गर्दा यस प्रणालीबाट उत्पन्न भएका सूचना प्रयोग गर्ने।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सिंहदरबार, काठमाडौं

परिच्छेद ७

अनुगमन तथा मूल्याङ्कन

१६. <u>अनुगमन तथा मूल्याङ्कन समिति:</u> (१) यस कार्यविधि बमोजिम मापदण्ड पुरा गरे वा नगरेको एवम् मृत्युको कारण सहितको दर्ता नियमित र तोकिए बमोजिम भए वा नभएको र प्रणाली

स्थापना, सञ्चालन तथा दिगोपना कायम गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः

(क) नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख वा निजले तोकेको प्रतिनिधि, मन्त्रालय - संयोजक

(ख) प्रतिनिधि, उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग - सदस्य

(ग) प्रतिनिधि, एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा, स्वास्थ्य सेवा विभाग - सदस्य

(घ) प्रतिनिधि, पञ्जीकरण शाखा, विभाग – सदस्य

(ङ) निर्देशक, प्रदेशको स्वास्थ्य निर्देशनालय– सदस्य

(च) प्रतिनिधि, प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय (सम्बन्धित महाशाखा) – सदस्य

(छ) प्रतिनिधि, अनुगमन तथा मूल्याङ्कन शाखा, मन्त्रालय - सदस्य

(ज) प्रमुख, जनसङ्ख्या व्यवस्थापन तथा सूचना शाखा, मन्त्रालय – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले अस्पतालको अनुगमन तथा मूल्याङ्कनको क्रममा आवश्यकतानुसार सम्बन्धित स्थानीय तहको प्रतिनिधि र विषय विज्ञलाई संलग्न गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिले प्रणाली कार्यान्वयन सम्बन्धमा अस्पतालको अनुगमन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) प्रचलित कानुन र यो कार्यविधिको विपरित नहुने गरी उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ।

(५) प्रदेशमा ११.ii.१ को समितिले अनुगमन तथा मूल्याङ्कन समितिको कार्य समेत गर्ने छ।

परिच्छेद ८

विविध

१७. <u>व्यक्तिगत सूचनाको गोपनियताः</u> (१) यस कार्यविधि बमोजिम सेवाग्राहीको सङ्कलित व्यक्तिगत विवरण तथ्याङ्क ऐन, २०७९ र अन्य प्रचलित कानुन बमोजिम गोप्य राखिनेछ।

(२) यस कार्यविधिले निर्दिष्ट गरे बमोजिम बाहेक उपदफा (१) बमोजिम सङ्कलित विवरण सामूहिक प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ।

१८. <u>क्षमता विकास सम्बन्धी व्यवस्थाः</u> अस्पतालमा कार्यरत प्रणाली प्रयोगकर्ता स्वास्थ्यकर्मी, चिकित्सक एवम् कर्मचारीलाई प्रणाली सञ्चालन लगायत मृत्युको कारण सहितको दर्ता प्रक्रिया

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

एवम् मृत्युको चिकित्सकीय प्रमाणपत्र जारी सम्बन्धमा आवश्यकताअनुसार प्रशिक्षण एवम् अभिमुखीकरण तालिमको व्यवस्था एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा (IHMIS)ले प्रदेशको स्वास्थ्य निर्देशनालयसँगको समन्वयमा गर्नेछ ।

१९. **स्रोत साधनको व्यवस्था:** (१) सरकारी अस्पतालहरूलाई प्रणाली सञ्चालनका लागि आवश्यक पर्ने भौतिक स्रोत साधनको व्यवस्था मन्त्रालय र सम्बन्धित प्रदेशले गर्नेछ । मन्त्रालयले प्राविधिक र अन्य प्रासाङ्गिक विषयवस्तुहरूका सन्दर्भमा प्रदेश र स्थानीय तह बीच समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

(२) सरकारी बाहेक अन्य अस्पतालहरूलाई प्रणाली सञ्चालनका लागि चाहिने आवश्यक स्रोत, साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन गर्ने दायित्व सोही संस्थाको हुनेछ ।

२०. **प्रतिवेदन तयार गर्ने:** प्रणालीबाट प्राप्त विवरणको विश्लेषण एवम् समीक्षा गरी मन्त्रालयले वार्षिक रुपमा प्रतिवेदन तयार गर्नेछ।

२१. **प्रणाली परीक्षण:** मन्त्रालयले आवश्यकतानुसार प्रणालीको परीक्षण (Audit) गराउनेछ ।

२२. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२३. **संशोधन गर्न सक्ने:** यस कार्यविधिको कुनै दफा वा अनुसूचीमा संशोधन वा थपघट गर्न आवश्यक भएमा <u>संघीय सहजीकरण समितिको सिफारिसमा</u> मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

२४. **कार्यविधि बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम र अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

दफा ५ सँग सम्बन्धित

अनुसूची १

मृत्युको अभिलेख फाराम

अस्पताल/स्वास्थ्य संस्थाको नाम : .... **आर्थिक वर्ष:** __ __ __ __/__ __

ठेगाना : प्रदेश .... **जिल्ला**..................... **स्थानीय तहः** .... **वडा नं.** ......

सेवा दर्ता नं.:
अन्तरङ्ग सेवा दर्ता नं.:

दर्ता मिति : गते/महिना/साल
दर्ता भएको समय (२४ घण्टाको ढाँचामा): ..../........ बजे

अस्पतालमा मृत्यु भएको ☐
अन्यत्र मृत्यु भएको (Brought in Dead) P☐ortem ☐

मृत्यु भएको मिति (वि.सं.): गते/महिना/साल
मृत्युको घोषणा भएको मिति (वि.सं.): गते/महिना/साल

मृत्यु भएको समय (२४ घण्टाको ढाँचामा): ..../........ बजे
मृत्युको घोषणा भएको समय (२४ घण्टाको ढाँचामा):.../..... बजे

	जनसाङ्खिकीय विवरण		
मृतकको राष्ट्रिय परिचय पत्र नं			
मृतकको नाम (अंग्रेजीमा): (First Name) .... Middle Name .... (Last Name)			
मृतकको नाम (नेपालीमा): (पहिलो नाम) .... बिचको नाम: .... (थर)			
जाति कोड........................			
लिङ्ग	☐ महिला	☐ पुरुष	☐ यौनिक अल्पसङ्ख्यक
उमेर ...... H D W M Y / जन्म मिति	(वि.सं.) D D M M Y Y Y Y	(ई.सं.) D D M M Y Y Y Y	
बुबाको पूरा नाम		पति/पत्निको नाम	
आमाको पूरा नाम			
हजुरबुबाको नाम		हजुरआमाको नाम	
अस्थायी (हालको बसोबासको) ठेगाना:	देश	स्थानीय तह	
	प्रदेश	वडा नं.	
	जिल्ला	गाउँ टोल:	
स्थायी ठेगाना:	देश	स्थानीय तह	
	प्रदेश	वडा नं.	
	जिल्ला	गाउँ टोल:	
नागरिकताको विवरण	नागरिकता नं............... नागरिकता जारी भएको जिल्लाः .... जारी मिति: गते/महिना/साल		
मृतक विदेशी भए	पासपोर्ट नं. .... पासपोर्ट जारी मितिः गते/महिना/साल		
सूचकको विवरण	सूचना प्रदान गर्नेको नाम, थर :................................ मृतकसँगको नाता .... सम्पर्क नं. .... इमेल ठेगाना:................................		

मृत्यु गराउने रोग र स्वास्थ्य तथा बाह्य अवस्था सम्बन्धी जानकारी				
खण्ड १ मृत्युमा पुर्याउने अन्तिम (Immediate) रोग वा अवस्थालाई पहिलो हरफमा लेख्नुहोस् मध्यवर्ती (Antecedent) रोगक्रम उल्लेख गर्नुहोस्	के भएर	मृत्युको कारण	ICD कोड	रोग/अवस्था शुरू र मृत्युबिचको समय अन्तराल (सेकेण्ड, मिनेट, घण्टा, दिन, हप्ता, महिना, वर्ष), थाहा नभएको
लेखिएका मध्ये अन्तिम हरफमा अन्तर्निहित (Underlying) कारण उल्लेख गर्नुहोस्	क			
	ख			
	ग			
	घ			
खण्ड २ मृत्युको अन्य मुख्य सहायक अवस्थाहरू (अवस्था लेखेपछि कोष्ठमा समय अन्तराल राख्न सकिनेछ)	(सेकेण्ड, मिनेट, घण्टा, दिन, हप्ता, महिना, वर्ष), थाहा नभएको			

के भएर मृत्यु भएको हो:

- ☐ रोग
- ☐ अन्य दुर्घटना
- ☐ हिंसा/द्वन्द्व
- ☐ आक्रमण
- ☐ अनुसन्धान विचाराधीन
- ☐ नखुलेको/अज्ञात
- ☐ सवारी दुर्घटना
- ☐ आत्म-हानिको सोच/आत्महत्या
- ☐ अन्य ....

प्रजनन् उमेरका (१५-४९ वर्ष) महिलाको हकमा, मृत्यु हुँदाको अवस्था के थियो?			
गर्भवती	☐ हो	☐ होइन	☐ अज्ञात
गर्भपतन	☐ हो	☐ होइन	☐ अज्ञात
प्रसवअवस्था (Intrapartum)	☐ हो	☐ होइन	☐ अज्ञात
प्रसव/गर्भपतनको ४२ दिनभित्र	☐ हो	☐ होइन	☐ अज्ञात
प्रसव/गर्भपतनको ४२ दिनदेखि एकवर्ष भित्र	☐ हो	☐ होइन	☐ अज्ञात

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

मृत्युको घोषणा गर्ने चिकित्सकको नामः पदः NMC No:	मृत्युको प्रमाणपत्र जारी गर्नेको नामः पदः NMC No: मितिः

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

दफा ६(१) सँग सम्बन्धित

अनुसूची २

Logo

अस्पतालको नाम(.......................)

ठेगाना (Address) स्थानीय तह (Municipality)

जिल्ला (District), प्रदेश (Province), नेपाल (Nepal)

मृत्युको चिकित्सकीय प्रमाणपत्र

Medical Certificate of Death

आर्थिक वर्ष (Fiscal Year)		
मृत्यु प्रमाणपत्र नं. (Death Certificate No.)		
दर्ता नम्बर (Registration no.)		
मृतकको नाम (Deceased Name)		
लिङ्ग (Sex)		
मृत्यु भएको मिति (Date of Death)		
मृत्यु भएको समय (Time of Death) [24 Hours]*		
मृतकको उमेर (Age of the Deceased)		
मृत्युको कारण (Underlying Cause of Death)		
नागरिकता नं. (Citizenship No.)		
विदेशी भए, देश, राहदानी नं. (Country/Passport No.)		
स्थायी ठेगाना (Permanent Address)		
प्रदेश (Province)		
जिल्ला (District)		
नगरपालिका (Municipality)		
वडा नं. (Ward No.)		
बुबाको नाम (Father's Name)		
आमाको नाम (Mother's Name)		
श्रीमान/श्रीमतीको नाम (Spouse Name)		

* अन्यत्र मृत्यु भएको (Brought in Dead) हकमा मृत्यु घोषणा भएको समयलाई बुझाउँछ ।

मृत्यु घोषणा गर्ने *(Death Declared by)*:	प्रमाणपत्र जारी गर्ने *(Issued by)*:
नाम *(Name)*:	नाम *(Name)*: ... ...
पद *(Position)*:	पद *(Position)*: ... ...
NMC no.:	*NMC no.*: ... ...

Office Stamp

प्रमाणपत्र जारी मिति (Certificate Issued Date):

कृपया मृत्यु भएको ३५ दिन भित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (स्थानीय तहको सम्वन्धित वडा कार्यालय) मा गई निःशुल्क मृत्यु दर्ताको प्रमाणपत्र लिनुहोला ।
Please visit local registrar office (Local Level Government's ward office) within 35 days of death to receive Death Registration Certificate.

Disclaimer: यो प्रमाणपत्र मृतकको चिकित्सकीय अभिलेखको आधारमा जारी गरिएको हो (This certificate is issued based on the medical record of deceased)

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

दफा ६(२) सँग सम्बन्धित

अनुसूची ३

मृत्युको चिकित्सकीय प्रमाणपत्र माग निवेदन

मितिः ....

श्री प्रमुखज्यू,

....

विषयः <u>मृत्युको चिकित्सकीय प्रमाणपत्र उपलब्ध गराइदिने बारे</u> ।

महोदय,

उपर्युक्त सम्बन्धमा जिल्ला.......................... स्थानीय तह .... वडा नं. .... निवासी श्री...को छोरा/ छोरी श्री....................................को मिति .... साल .... महिना .... गते त्यस अस्पताल मृत्यु भएको थियो । म निज मृतकको/परिवारको जिम्मेवार नातेदार भएकोले निजको चिकित्सकीय मृत्यु प्रमाणपत्र नलगेको/चोरी भएको/नष्ट भएको/हराएको/च्यातिएको/संशोधन गर्नुपर्ने भएकोले मलाई निज मृतक श्री ....को मृत्युको चिकित्सकीय प्रमाणपत्र उपलब्ध गराइदिनु हुन विनम्र अनुरोध गर्दछु ।

<u>निवेदकः</u>

हस्ताक्षरः ....

नाम/थरः ....

मोबाइल नं. ....

ठेगानाः ....

निवेदकको मृतकसँगको नाताः..................

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

(दफा ७ सँग सम्बन्धित)

अनुसूची ४

मृत्यु दर्ता प्रतिवेदन फाराम

मासिक प्रतिवेदन

............अस्पताल

प्रदेश.............जिल्ला.............स्थानीय तह.......वडा नं........

प्रतिवेदन गरेको मिति (वि.सं.): साल..................महिनाः.......................

क्र.स.	UIN नम्बर	मृतकको अन्तरङ्ग/ इमरजेन्सी सेवा दर्ता नम्बर	मृतकको नाम/थर	लिङ्ग	उमेर	स्थायी ठेगाना	मृत्यु मिति	मृत्युको कारण	कैफियत

नोटः स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) मा अस्पताल भएको मृत्यु सम्बन्धी प्रतिवेदन प्रविष्टीका लागि अस्पतालको मासिक प्रतिवेदन फाराम (HMIS 9.4, 9.5) अनुसारको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

मृत्यु दर्ता प्रतिवेदन फाराम

मासिक प्रतिवेदन

.............अस्पताल

प्रदेश..............जिल्ला.............स्थानीय तह........वडा नं.........

प्रतिवेदन गरेको मिति (वि.सं.): साल....................महिनाः........................

Hospital Mortality Form (Based on HMIS 9.4/ HMIS 9.5)

ICD 11 कोड	रोगको नाम	०-७ दिन		८-२८ दिन		२९ दिन-१ वर्ष		१-४ वर्ष		५-१४ वर्ष		१५-१९ वर्ष		२०-२९ वर्ष		३०-३९ वर्ष		४०-४९ वर्ष		५०-५९ वर्ष		६०-६९ वर्ष		७० वर्ष वा माथि	
		म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

(दफा ८ सँग सम्बन्धित)

अनुसूची ५

अस्पतालमा हुने मृत्यु न्यूनीकरण कार्ययोजना

स्वस्थ्य संस्थामा मृत्युदर न्यूनीकरण कार्ययोजना

अस्पतालको नाम:

प्रदेश: ....जिल्ला:............................स्थानीय तह:..............................वडा नं..........

आर्थिक वर्ष: ..../........ महिना: ....

१. पृष्ठभूमि

मृत्यु तथ्याङ्क विश्लेषणको सारांश [विवरणात्मक तालिका]

मृतकको उमेर समूह अनुसार संख्या:

०-२८ दिन	२९ दिन- १ बर्ष	बर्ष					
		१-४	५-९	१०-१४	१५-२९	३०-६९	७० र माथि

मृतकको लिङ्ग: महिला: .... पुरुष .... अन्य ....

मातृ मृत्युको संख्या:

मृत्युको मुख्य कारणहरू

कारणहरू	संख्या
अन्य	

२. कार्ययोजना

समस्या	कार्य	जिम्मेवार व्यक्ति/निकाय	पुरा गरिने मिति	आवश्यक पर्ने थप सहयोग	पुनरावलोकन बेलाको स्थिति (सम्पन्न/चालु/असफल)
अल्पकालीन (एक महिनाभित्र)					
मध्यकालीन (१ देखि १२ महिनाभित्र)					
दीर्घकालीन (१ देखि ५ वर्षभित्र)					

.... कार्ययोजना तयार मिति	.... हस्ताक्षर (सम्पर्क व्यक्ति)	.... हस्ताक्षर (अस्पताल प्रमुख)

अनुगमन प्रतिवेदन पेश गर्ने अर्को मिति: ____________________